| | |
|---|---|
| (क) सञ्चार रजिष्ट्रार, कार्यालय | -संयोजक |
| (ख) कानून अधिकृत, मन्त्रालय | -सदस्य |
| (ग) प्रतिनिधि, नेपाल पत्रकार महासंघ | -सदस्य |
| (घ) अधिकृत, प्रशासन तथा प्रकासन शाखा, कार्यालय | -सदस्य |
| (ङ) अधिकृत, प्रसारण शाखा, कार्यालय | -सदस्य-सचिव |

(२) समितिले आवश्यकता अनुसार सम्वन्धित विषय विज्ञलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको सचिवालयको काम प्रसारण तथा सूचना शाखाले गर्नेछ।

४. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जनचेतनामूलक प्रचार सामग्रीको आवेदन मागको सूचना प्रकाशन तथा प्रसारण गर्न कार्यालयलाई निर्देशन दिने,

(ख) प्रसारण गरिने जनचेतनामूलक प्रचार सामग्रीको छनौट तथा सिफारिस, प्रसारण तालिका र रकम निर्धारण गर्न कार्यालयलाई निर्देशन गर्ने,

(ग) प्राप्त आवेदनहरु छानविन गरी शर्त पुरा गरेका विद्युतीय सञ्चार माध्यमहरुलाई जनचेतनामूलक प्रचार सामग्री प्रसारणको अनुमति दिनु अघि स्वीकृत गर्ने,

(घ) जनचेतनामूलक प्रचार सामग्री प्रसारणको अनुगमन गर्ने,

(ङ) वर्गीकृत विद्युतीय सञ्चार माध्यमलाई उपलब्ध गराउने रकम बाँडफाँटको सिफारिस गर्ने,

(च) सञ्चार संस्था र कार्यालय वीच कुनै विषयमा विवाद भएका उक्त विवाद समाधान गर्ने,

(छ) समितिले आवश्यक देखेका अन्य कामहरू।

५. <u>सूचना प्रकाशन गरिनेः</u> (१) समितिले जनचेतनामूलक प्रचार सामग्री प्रसारण तथा प्रकाशन गर्न चाहने विद्युतीय आमसञ्चार माध्यमको जानकारीका लागि कार्यालयले न्यूनतम १५(पन्ध्र) दिनको समयावधि दिई सूचना प्रकाशन गर्नेछ।



मा. गंगानारायण श्रेष्ठ
मन्त्री

